सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २३९ ♦ २०८३ साल वैशाख २३ बुधवार ♦ 6 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

# जनमतको समर्थन फिर्तापछि पनि मधेश सरकार तत्काल नढल्ने

खबर दर्पण समाचारदाता

**वैशाख २२ गते, बर्दिवास**

मधेश प्रदेशको राजनीतिमा पछिल्लो समय तीव्र रूपमा देखिएको सत्ता समीकरणको चलखेलबीच तत्काल सरकार परिवर्तन नहुने भएको छ ।

बजेट निर्माणको संवेदनशील समय, मन्त्रालयहरूको भर्खरै सुरु भएको कार्य सञ्चालनका कारण नयाँ सरकार गठनको प्रक्रिया तत्काल अघि नबढ्ने स्रोतले जनाएको छ ।

सत्ता साझेदार दल जनमत पार्टीले कांग्रेस नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रदेश राजनीतिमा नयाँ गठबन्धनको चर्चा चुलिएको थियो ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेकपा एमाले र जनमत पार्टीबीच नयाँ समीकरण बन्ने बताइए पनि व्यवहारमा भने अझै स्पष्टता आउन सकेको छैन ।

राजनीतिक स्रोतका अनुसार यतिबेला प्रदेश सरकार परिवर्तनभन्दा पनि बजेट निर्माणलाई प्राथमिकतामा राख्ने सहमति अनौपचारिक रूपमा बन्दै गएको छ ।

'अहिले बजेटको समय हो, मन्त्रालयहरूको काम भर्खरै व्यवस्थित हुँदैछ, यस्तो अवस्थामा सरकार परिवर्तनले प्रशासनिक कामकाज प्रभावित हुन सक्छ,' एक उच्च राजनीतिक स्रोतले भन्यो, 'त्यसैले केही समय यथास्थितिमा जाने सम्भावना बढी देखिन्छ ।'




मधेश प्रदेशसभाको अंकगणितअनुसार जसपा नेपाल (२६), एमाले (२४) र जनमत पार्टी (१२) मिल्दा सहज बहुमत पुग्ने अवस्था भए पनि जसपा एमालेसँग नमिल्ने भएकोले समीकरण निर्माण नहुने भएको छ ।

जनमत पार्टीका प्रमुख सचेतक चन्दनकुमार सिंहले १० सांसदको हस्ताक्षरसहित सरकारबाट समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुख कार्यालयमा बुझाएका छन् । तर, अर्कोतर्फ नेता महेशप्रसाद यादवले सरकारलाई समर्थन कायम रहेको दाबी गर्दै छुट्टै पत्र बुझाए ।

पार्टी अध्यक्ष डा. सीके राउतले भने संसदीय दलको बैठकबाट सरकारबाट बाहिरिने निर्णय भइसकेको दाबी गरे । उनले चन्दनकुमार सिंहलाई संसदीय दलको नेता तोकिएको घोषणा पनि गरिसकेका छन् । यसअघि संसदीय दलको नेतृत्व गरिरहेका महेश यादव अहिले पनि प्रदेश सरकारमा अर्थमन्त्रीको जिम्मेवारीमा छन् ।

यता, जसपा नेपालले भने सरकार परिवर्तनको सम्भावनालाई पूर्ण रूपमा नकारेको छ । पार्टीका एक नेताले अहिले सरकार परिवर्तनको हल्ला निराधार रहेको दाबी गरेका छन् ।

नेकपा एमाले सत्ता परिवर्तनको खेलमा सहभागी हुन तयार देखिए पनि जसपाले उसलाई साथ नदिने पक्का रहेको उनको भनाई छ ।

यी सबै राजनीतिक गतिविधिका बाबजुद तत्काल सरकार परिवर्तन हुने सम्भावना न्यून रहेको बताइन्छ । प्रदेश सरकार अहिले आगामी आर्थिक वर्षको बजेट तयारीमा जुटेको छ ।

बजेट प्रस्तुतिको संवैधानिक समयसीमा नजिकिँदै गर्दा सरकार परिवर्तनले वित्तीय व्यवस्थापनमा समस्या ल्याउन सक्ने चिन्ता छ ।

स्रोतका अनुसार मन्त्रालयहरूको खाता सञ्चालन भर्खरै सुरु भएको, कर्मचारी व्यवस्थापन स्थिर नभइसकेको र विकास योजनाहरू कार्यान्वयनको प्रारम्भिक चरणमै रहेका कारण पनि सरकार परिवर्तनलाई केही समयका लागि स्थगित गर्नुपर्ने दबाब बढेको छ ।

राजनीतिक अस्थिरता भने मधेश प्रदेशका लागि नयाँ विषय होइन । भदौ २४ गते तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहको राजीनामायता प्रदेशले तीनजना मुख्यमन्त्री देखिसकेको छ । सरकार परिवर्तनको श्रृंखला रोकिएको छैन ।

हालका मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकार पनि सात दलीय गठबन्धनको समर्थनमा गठन भएको थियो । नेपाली कांग्रेस, जसपा नेपाल, जनमत, माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादीसहितको समर्थनमा उनी संविधानको धारा १६८ (२) बमोजिम मुख्यमन्त्री नियुक्त भएका थिए । तर, गठबन्धनभित्रको असन्तुलन र दलहरूबीचको अविश्वासका कारण सरकारको स्थायित्व सधैं प्रश्नमा पर्दै आएको छ ।

हालको परिस्थितिमा राजनीतिक दलहरू एकातिर नयाँ समीकरणको गृहकार्यमा जुटेका छन् भने अर्कोतर्फ बजेट, प्रशासनिक स्थिरता र जनउत्तर दायित्वको दबाबबीच तत्काल सरकार परिवर्तन नगर्ने व्यावहारिक समझदारीतर्फ उन्मुख देखिएका छन् ।

मधेश प्रदेश पुनः एकपटक राजनीतिक संक्रमणकै अवस्थामा रहेपनि सरकार परिवर्तन भने केही समयका लागि टरेको विश्लेषण गरिएको छ ।

## जनमत पार्टी मधेश प्रदेश संसदीय दलको नेतामा चन्दन कुमार सिंह चयन

जनमत पार्टीले मधेश प्रदेशमा आफ्नो संसदीय दलको नेता परिवर्तन गरेको छ ।

पार्टीले चन्दन कुमार सिंहलाई नयाँ नेताको रूपमा तोक्दै जिम्मेवारी हेरफेर गरेको जनाएको छ ।

पार्टीका राष्ट्रिय अध्यक्ष चन्द्रकान्त राउत (सीके राउत) द्वारा जारी पत्र अनुसार यो निर्णय आजैदेखि लागू हुने गरी गरिएको हो ।

यसअघि संसदीय दलको नेतृत्वमा रहेका व्यक्तिबारे भने पत्रमा उल्लेख गरिएको छैन ।

निर्णयबारे जानकारी गराउँदै पार्टीले उक्त निर्णयको जानकारी मधेश प्रदेशसभा सचिवालय र पार्टीको प्रदेश संसदीय दललाई समेत गरइसकेको जनाएको छ ।

हालै मधेश प्रदेशको राजनीतिक गतिविधि तीव्र भइरहेका बेला जनमत पार्टीले संसदीय दलको नेतामा गरेको यो परिवर्तनलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

पार्टीभित्रको आन्तरिक समीकरण तथा प्रदेशस्तरीय राजनीतिक रणनीतिसँग जोडेर यस निर्णयलाई विश्लेषण गर्न थालिएको छ ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz परिवर्तनकालागि

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

खबर दर्पण
राष्ट्रिय दैनिक



# मधेश सरकारको अगामी नीति तथा कार्यक्रममा ओरेन्ज इकोनोमीको बहस



बेचन महतो

> मधेश प्रदेश सरकारको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा "जेन्जी मुभमेन्ट" ले उठाएका ओरेन्ज इकोनोमी (सृजनात्मक/सांस्कृतिक अर्थतन्त्र) का मुद्दाहरू समेट्दा प्रदेशको रोजगारी, पहिचान र नवप्रवर्तनलाई बल पुग्न सक्छ। ओरेन्ज इकोनोमी भन्नाले कला, संस्कृति, मिडिया, डिजाइन, डिजिटल कन्टेन्ट, सिर्जनशील उद्योग आदिबाट हुने आर्थिक गतिविधिलाई जनाउँछ।

मधेश प्रदेश सरकारको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा "जेन्जी मुभमेन्ट" ले उठाएका ओरेन्ज इकोनोमी (सृजनात्मक/सांस्कृतिक अर्थतन्त्र) का मुद्दाहरू समेट्दा प्रदेशको रोजगारी, पहिचान र नवप्रवर्तनलाई बल पुग्न सक्छ। ओरेन्ज इकोनोमी भन्नाले कला, संस्कृति, मिडिया, डिजाइन, डिजिटल कन्टेन्ट, सिर्जनशील उद्योग आदिबाट हुने आर्थिक गतिविधिलाई जनाउँछ।

**यहाँ समेटिनुपर्ने मुख्य सवालहरू निम्नानुसार हुन सक्छन्:**

**१. सृजनात्मक उद्योगको औपचारिक मान्यता र नीतिगत आधार**

मधेश प्रदेशमा सृजनात्मक उद्योग (कला, संस्कृति, मिडिया, डिजाइन, फिल्म, संगीत, डिजिटल कन्टेन्ट आदि) लाई औपचारिक अर्थतन्त्रको अभिन्न अंगका रूपमा स्थापित गर्न स्पष्ट नीतिगत र कानुनी आधार मार्फत ओरेन्ज इकोनोमीलाई प्रदेशको प्राथमिक आर्थिक क्षेत्र घोषणा गर्ने, कलाकार, कन्टेन्ट क्रियेटर, डिजाइनर, फिल्ममेकर , संगीतकर्मीलाई औपचारिक पेशा को रूपमा मान्यता दिदै छुट्टै "Creative Economy Policy" निर्माण गरिनु पर्दछ । यस्तो आधार निर्माणले सृजनात्मक उद्योगको परिभाषा, दायरा, संरचना र कार्यक्षेत्र स्पष्ट हुनेछ। "Creative Enterprise" र "Creative Professional" को वर्गीकरण भइ सरल, डिजिटल र सहज दर्ता प्रणाली विकास हुनेछ । सृजनात्मक क्षेत्रको समन्वय, नीति कार्यान्वयन र अनुगमनका लागि प्रदेशस्तरमा "Creative Economy Council" गठन भइ सम्बन्धित मन्त्रालयहरूबीच समन्वय संयन्त्र स्थापना हुन सक्नेछ। नवप्रवर्तनशील सृजनात्मक उद्यमलाई प्रोत्साहन गर्न प्रारम्भिक चरणमा कर सहुलियत, अनुदान, सहुलियतपूर्ण कर्जा तथा उपकरणमा कर छुट प्रदान हुन सक्नेछ। Copyright, trademark लगायतका अधिकारहरूको दर्ता र संरक्षण सुदृढ भइ उच्चबअथ नियन्त्रणका लागि आवश्यक कानुनी तथा प्राविधिक व्यवस्थाको निर्माण हुन सक्नेछ । महिला, दलित, आदिवासी तथा सीमान्तकृत समुदायका सृजनात्मक प्रतिभालाई विशेष अवसर, अनुदान र कार्यक्रमहरुको कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न स्पष्ट सूचकांक (KPIs) निर्धारण गरी नियमित अनुगमन तथा मूल्यांकन गर्न सकिनेछ ।

२. युवा (Gen Z) लक्षित रोजगारी र उद्यमशीलता

मधेश प्रदेशका युवाहरू, विशेषत: जेनेरेशन-Z (Gen Z), डिजिटल प्रविधिमा दक्ष, सिर्जनशील र नवप्रवर्तनमुखी भएकाले उनीहरूलाई लक्षित गरी रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्न ओरेन्ज इकोनोमीका विभिन्न क्षेत्रहरू–डिजिटल कन्टेन्ट, डिजाइन, मिडिया, फिल्म, संगीत, गेमिङ, फ्रीलान्सिङ–मार्फत युवाहरूलाई आत्मनिर्भर र उत्पादनशील बनाउन सकिनेछ । डिजिटल प्लेटफर्म (YouTube, TikTok, Podcast आदि) बाट आम्दानी गर्ने युवालाई कर तथा दर्ता प्रणालीमा सहजीकरण भइ Creative startup हरूलाई seed funding, incubation को व्यवस्था गरी "One District, One Creative Hub" कार्यक्रम सञ्चालन गर्न सकिनेछ । यसरी युवा लक्षित नीति, कार्यक्रम र पूर्वाधार विकासमार्फत मधेश प्रदेशमा रोजगारी सिर्जना, नवप्रवर्तन प्रवर्द्धन र दिगो आर्थिक विकास हासिल हुनेछ ।

**३. डिजिटल पूर्वाधार र प्रविधिमा पहुँच**

मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्रको विकास, युवा उद्यमशीलताको प्रवर्द्धन तथा डिजिटल रूपान्तरणलाई तीव्रता दिन सर्वसुलभ, गुणस्तरीय र भरपर्दो डिजिटल पूर्वाधारको विकासलाई उच्च प्राथमिकता दिइनु पर्दछ। प्रदेशभर उच्च गतिको इन्टरनेट सेवाको विस्तार गरी विशेषत: ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा डिजिटल पहुँच सुनिश्चित गरी Digital studios, co–working spaces, multimedia labs स्थापना मार्फत स्थानीय तहमा "Digital Creative Centers" को स्थापना गरी डिजिटल पूर्वाधार र प्रविधिमा समान पहुँच सुनिश्चित गर्दै मधेश प्रदेशलाई डिजिटल नवप्रवर्तन र सृजनात्मक उत्पादनको केन्द्रका रूपमा विकास गर्न सक्ने ठुलो अवसर रहेको छ ।

**४. सांस्कृतिक सम्पदा र पहिचानको व्यावसायीकरण**

मधेश प्रदेशको समृद्ध सांस्कृतिक विविधता, मौलिक कला, भाषा, परम्परा र जीवनशैलीलाई आर्थिक मूल्यमा रूपान्तरण गर्दै दिगो विकासको आधारका रूपमा उपयोग गर्न सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनसँगै त्यसको व्यावसायीकरण मार्फत रोजगारी सिर्जना, आय वृद्धि र प्रदेशको पहिचान सुदृढ गर्ने नीति अवलम्बन गरेर मिथिला चित्रकला, थारू संस्कृति, लोक संगीत, नाच, हस्तकला, पारम्परिक पोशाक, स्थानीय खानाका परिकार लगायत सांस्कृतिक सम्पदालाई ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोडिनु पर्दछ । "Brand Madhesh Culture" अभियान सञ्चालन गरी स्थानीय उत्पादनहरूको पहिचान निर्माण र प्रचारप्रसार मार्फत सांस्कृतिक उत्पादनहरूको गुणस्तर सुनिश्चित गर्न मानकीकरण (standardization), प्याकेजिङ, डिजाइन सुधार तथा बजार अनुकूलता विकास गर्न सकिनेछ। Geographical Indication - (GI) ट्याग प्राप्त गर्न पहल गरी स्थानीय उत्पादनलाई विशिष्टता र प्रतिस्पर्धात्मक लाभ प्रदान हुन सक्नेछ । यसरी सांस्कृतिक सम्पदा र पहिचानको प्रभावकारी व्यावसायीकरण मार्फत मधेश प्रदेशलाई सांस्कृतिक रूपमा समृद्ध र आर्थिक रूपमा सबल बनाउने लक्ष्य पुरा गर्न सकिनेछ । Cultural tourism सँग जोडेर रोजगारी सिर्जना गर्न सकिनेछ ।

**५. शिक्षा र सीप विकास**

मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्रको दिगो विकासका लागि शिक्षा प्रणालीलाई बजारमुखी, प्रविधिमैत्री र सिर्जनशील बनाउँदै सीप विकासलाई उच्च प्राथमिकता दिइ विद्यालयदेखि उच्च शिक्षासम्मका पाठ्यक्रममा डिजाइन, मिडिया, डिजिटल कन्टेन्ट निर्माण, storytelling, animation, संगीत तथा प्रदर्शन कलाजस्ता सृजनात्मक विषयहरू क्रमश: समावेश गरिएमा शिक्षा र सीप विकास मार्फत सृजनात्मक, दक्ष र प्रतिस्पर्धी मानव संसाधन उत्पादन गर्दै मधेश प्रदेशलाई नवप्रवर्तन र रोजगारीको केन्द्रका रूपमा विकास गर्न सकिनेछ ।

**६. वित्तीय पहुँच र लगानी**

मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्रको विकासलाई तीव्र बनाउन वित्तीय पहुँच विस्तार र लगानी प्रवर्द्धनलाई प्रमुख रणनीतिक प्राथमिकता दिन प्रदेश सरकारले "Orange Economy Fund " वा "Creative Economy Fund" स्थापना गरी प्रारम्भिक चरणका सृजनात्मक स्टार्टअप, कलाकार तथा उद्यमीहरूलाई seed funding, अनुदान तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ । बैंक तथा वित्तीय संस्थाहरूसँग सहकार्य गरी सृजनात्मक उद्यमका लागि विशेष कर्जा स्किम, न्यून ब्याजदर, र सरल धितो व्यवस्था लागू गरी परम्परागत धितो प्रणालीमा आधारित कठिनाइलाई न्यूनीकरण गर्दै वैकल्पिक मूल्यांकन प्रणाली (जस्तै: परियोजना सम्भाव्यता, डिजिटल आम्दानी) लाई मान्यता दिनु पर्दछ । सार्वजनिक-निजी साझेदारी (एएए) मोडेल मार्फत लगानी आकर्षण बातावरण तयार गरिनु पर्दछ । यसरी वित्तीय पहुँच र लगानी प्रवर्द्धन मार्फत मधेश प्रदेशमा सृजनात्मक उद्योगलाई आत्मनिर्भर, प्रतिस्पर्धी र दिगो आर्थिक क्षेत्रका रूपमा स्थापित गर्न सकिनेछ ।

७. बौद्धिक सम्पत्ति अधिकार (IPR)

मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्रको दिगो विकास, कलाकार तथा सर्जकहरूको अधिकार संरक्षण र नवप्रवर्तन प्रवर्द्धनका लागि बौद्धिक सम्पत्ति अधिकार (Intellectual Property Rights – IPR) को सुदृढ र प्रभावकारी प्रणाली स्थापना गरी सृजनात्मक उद्योगमा आधारित उत्पादन तथा सेवाहरूको मूल्य संरक्षण गर्न क्षएच लाई नीति तथा कार्यान्वयनको व्यवस्था गरिनु पर्दछ। यसले copyright, trademark, patent को संरक्षण र कार्यान्वयन भइ एच्चबअथ नियन्त्रण हुनेछ। सृजनात्मक सामग्रीको व्यावसायिक उपयोगबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित भइ कलाकार तथा सर्जकहरूको आर्थिक सुरक्षा सुदृढ हुनेछ। यसले सृजनात्मक पेशालाई सम्मानजनक, सुरक्षित र आकर्षक बनाउनेछ । यसरी बौद्धिक सम्पत्ति अधिकारको प्रभावकारी कार्यान्वयन मार्फत मधेश प्रदेशमा सृजनात्मक नवप्रवर्तनलाई संरक्षण, प्रोत्साहन र दिगो विकासतर्फ उन्मुख गराउन सक्दछ ।

**८. महिला, दलित र सीमान्तकृत समुदायको समावेशिता**

मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्रको विकासलाई समावेशी, न्यायपूर्ण र समान अवसरमा आधारित बनाउन महिला, दलित

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# राराब क्याम्पसका स्ववियु सभापति यादव नेविसंघ मधेश प्रदेश अध्यक्षमा मनोनित

**खबर दर्पण समाचारदाता**
**वैशाख २२ गते, बर्दिवास**



नेपाल विद्यार्थी संघ (नेविसंघ) ले मधेश प्रदेशमा संगठन सुदृढीकरण गर्ने उद्देश्यसहित जनकपुरधामका विद्यार्थी नेता मनिष कुमार यादवलाई प्रदेश अध्यक्षमा मनोनित गरेको छ।
नेविसंघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाद्वारा हस्ताक्षरित पत्रमार्फत यादवलाई उक्त जिम्मेवारी प्रदान गरिएको हो। संगठनको विधान २०२७ (सातौँ संशोधन २०७५) बमोजिम प्रदेश समितिको संरचना अनुसार उनलाई अध्यक्ष पदमा मनोनयन गरिएको जनाइएको छ।केन्द्रीय कार्यालय काठमाडौँबाट जारी गरिएको पत्रमा संगठनको विधि, विधान र मर्यादाभित्र रही मधेश प्रदेशमा नेविसंघलाई गतिशील, सशक्त र प्रभावकारी बनाउन सक्ने विश्वास व्यक्त गरिएको छ।
यादव यसअघि जनकपुरधामस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पसका निर्वाचित स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापति रहिसकेका छन्।

# औरही नगरपालिकामा भर्नासँगै पाठ्यपुस्तक वितरण सुरु

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**वैशाख २२ गते, महोत्तरी**

नयाँ शैक्षिक सत्र प्रारम्भ भएसँगै महोत्तरी जिल्लामा विद्यार्थी भर्ना अभियानलाई तीव्रता दिइएको छ। जिल्लाका १५ वटै स्थानीय तहअन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूले भर्ना अभियानलाई सक्रिय रूपमा अघि बढाएका छन्। यसैक्रममा औरही नगरपालिकाभित्रका विद्यालयहरूमा पनि भर्नासँगै पाठ्यपुस्तक वितरण कार्य सुरु गरिएको छ।
नगरपालिकाभित्र १६ वटा सामुदायिक विद्यालय रहेका छन्, जसमध्ये ४ वटा माध्यमिक र १२ वटा आधारभूत विद्यालय सञ्चालनमा रहेका छन्। ती विद्यालयहरूले विद्यार्थी भर्ना भएकै दिन पाठ्यपुस्तक हस्तान्तरण गर्ने व्यवस्था मिलाएका छन्। विगतका वर्षहरूमा वैशाख २ गतेदेखि सुरु हुने भर्ना अभियान यस वर्ष भने सरकारी निर्णयअनुसार वैशाख १५ गतेदेखि सञ्चालन गरिएको हो।
श्री जनता आधारभूत विद्यालय, औरहीका प्राध्यापक पच्चु महराका अनुसार भर्नासँगै विद्यार्थीले हातहातमै पाठ्यपुस्तक प्राप्त गर्दा उनीहरूको सिकाइ क्षमता अभिवृद्धि हुने अपेक्षा गरिएको छ। समयमै पाठ्यपुस्तक उपलब्ध हुँदा शैक्षिक गुणस्तरमा सकारात्मक सुधार आउने उहाँले बताउनुभयो।
कक्षा ६ मा अध्ययनरत विद्यार्थी पूजा कुमारी साहले भर्नासँगै पाठ्यपुस्तक प्राप्त हुँदा अध्ययनमा सहजता भएको अनुभव सुनाउँदै विगतमा समयमै पुस्तक नपाउँदा अध्ययनमा कठिनाइ हुने गरेको स्मरण गरिन्। त्यस्तै, विद्यार्थी अंश कुमार मण्डलले समयमै पाठ्यपुस्तक उपलब्ध हुँदा



अध्ययनप्रति आकर्षण बढ्ने र सिकाइलाई निरन्तरता दिन सहज हुने बताए।
यसैबीच, औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्काले नगरपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै भर्ना अभियानलाई सफल बनाउन सबै सरोकारवालाको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभएको छ। उहाँका अनुसार नगरभित्रका सामुदायिक विद्यालयहरूमा समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था मिलाइएकोले विद्यार्थीको सिकाइ प्रक्रिया सहज हुनुका साथै शैक्षिक गुणस्तरमा सुधार आउने विश्वास गरिएको छ।
साथै, भर्ना दर वृद्धि गर्न घर दैलो अभियान, अभिभावकसँगको समन्वय तथा विद्यालयस्तरीय प्रचार-प्रसारलाई थप प्रभावकारी बनाइने र नगर पालिकाले शैक्षिक सुधारका लागि निरन्तर अनुगमन तथा सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको छ।
महोत्तरीका ग्रामीण भेगमा विद्यालयहरूले घरदैलो अभियान, अभिभावकसँग अन्तरक्रिया तथा प्रचार-प्रसारमार्फत विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाइरहेका छन्।

# मधेश सरकारको अगामी नीति ....

तथा सीमान्तकृत समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिएमा ओरेन्ज इकोनोमीका अवसरहरू सबै वर्गसम्म पुऱ्याउँदै आर्थिक तथा सामाजिक विभेद न्यूनीकरण गर्न सकिनेछ। साथै, समावेशी उद्यमशीलता प्रवर्द्धनका लागि “Inclusive Creative Fund” स्थापना गरी विशेष प्राथमिकता प्राप्त समूहलाई आर्थिक सहयोग प्रदान गरिएमा महिला, दलित र सीमान्तकृत समुदायको अर्थपूर्ण समावेशिता मार्फत मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्रलाई न्यायपूर्ण, समावेशी र दिगो विकासको आधारका रूपमा स्थापित गर्न सकिनेछ।

## ९. बजार पहुँच र निर्यात प्रवर्द्धन

मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्र (ओरेन्ज इकोनोमी) लाई दिगो, प्रतिस्पर्धी र आय-उत्पादनमुखी बनाउने उद्देश्यले बजार पहुँच विस्तार तथा निर्यात प्रवर्द्धनलाई रणनीतिक प्राथमिकतामा राखी सृजनात्मक उत्पादन तथा सेवाहरूलाई स्थानीय सीमाभन्दा बाहिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार सँग जोड्ने नीति अवलम्बन गरिनु पर्दछ। स्थानीय कला, संस्कृति, डिजाइन, डिजिटल कन्टेन्ट, संगीत, फिल्म तथा हस्तकला उत्पादनहरूको लागि व्यवस्थित बजारिकरण प्रणाली विकास गरी ई-कमर्स प्लेटफर्म, डिजिटल मार्केटप्लेस तथा सामाजिक सञ्जाल मार्फत सृजनात्मक सामग्रीको बिक्री वितरणलाई सहज बनाइनु पर्दछ। यसरी बजार पहुँच विस्तार र निर्यात प्रवर्द्धनमार्फत मधेश प्रदेशका सृजनात्मक उद्योगलाई आन्तरिक मात्र नभई अन्तर्राष्ट्रिय प्रतिस्पर्धी अर्थतन्त्रको रूपमा विकास गर्न सकिनेछ।

## १०. नीति कार्यान्वयन र संस्थागत संरचना

मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्र (ओरेन्ज इकोनोमी) सम्बन्धी नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्पष्ट, सक्षम र समन्वित संस्थागत संरचना विकास गर्ने नीति केवल दस्तावेजमा सीमित नरही व्यवहारमा रूपान्तरण हुने सुनिश्चितता गर्न कार्यान्वयन संयन्त्रलाई बलियो बनाइनु पर्दछ। प्रदेश स्तरमा “Creative Economy Council” गठन गरी नीति निर्देशन, समन्वय, अनुगमन तथा मूल्यांकनको मुख्य जिम्मेवारी दिइनु पर्दछ। उक्त परिषदमा सम्बन्धित मन्त्रालय, निजी क्षेत्र, सृजनात्मक उद्योगका प्रतिनिधि, युवा तथा विज्ञहरूको सहभागिता सुनिश्चित गरिनु पर्दछ। यसरी बलियो संस्थागत संरचना र प्रभावकारी कार्यान्वयन संयन्त्रमार्फत मधेश प्रदेशमा सृजनात्मक अर्थतन्त्रलाई दीगो, समावेशी र परिणाममुखी विकासको आधारका रूपमा स्थापित गर्न सकिनेछ।

## ११. नवप्रवर्तन र स्टार्टअप इकोसिस्टम

प्रदेशभर “Creative Innovation Hub” तथा “Startup Incubation Center” स्थापना गरी नयाँ विचारलाई व्यवसायमा रूपान्तरण गर्न आवश्यक परामर्श, प्रविधि, नेटवर्किङ र प्रारम्भिक लगानी सहायता उपलब्ध गराइ सृजनात्मक उद्योग, डिजिटल सेवा, मिडिया, डिजाइन, गेमिङ तथा AI–आधारित समाधानहरूलाई विशेष प्राथमिकता दिइनु पर्दछ। नवप्रवर्तन प्रवर्द्धनका लागि नियमित रूपमा Hackathon, Startup Challenge, Innovation Grant तथा Pitching कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ। उत्कृष्ट विचार तथा परियोजनाहरूलाई seed funding, mentorship र बजार पहुँचको सुविधा प्रदान गरिएमा नवप्रवर्तन र स्टार्टअप इकोसिस्टमको विकास मार्फत मधेश प्रदेशलाई सिर्जनशीलता, प्रविधि र उद्यमशीलतामा आधारित आधुनिक अर्थतन्त्रतर्फ अग्रसर गराउन सकिनेछ।

## निष्कर्ष

ओरेन्ज इकोनोमी केवल सांस्कृतिक विषय होइन, यो रोजगारी, नवप्रवर्तन र पहिचानको अर्थतन्त्र हो। मधेश प्रदेशले यसलाई आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेमा: युवा पलायन घट्न सक्छ, स्थानीय प्रतिभाको प्रयोग हुन्छ र अर्थतन्त्र विविधीकरण हुन्छ।

लेखक : बरिष्ठ जलाधार व्यवस्थापन अधिकृत
वन तथा वातावरण मन्त्रालय

# समाचार प्रभाव : निजि विद्यालय.....

अनुमति पाएका छन्। बाँकी विद्यालयहरू आवश्यक प्रक्रिया पूरा नगरी सञ्चालनमा रहेको पाइएको छ। नगर प्रमुख प्रदीप कुमार खड्काले शिक्षाको गुणस्तर सुधार तथा व्यवस्थापनलाई व्यवस्थित बनाउन विना अनुमति सञ्चालनमा रहेका विद्यालयहरूलाई कानुनी प्रक्रिया पूरा गर्न आग्रह गर्नुभएको छ। शिक्षा प्रशासन अधिकृत धन बहादुर राईले त्यस्ता विद्यालयहरूलाई दर्ता तथा अनुमति प्रक्रियामा ल्याउनुपर्नेमा जोड दिनुभएको छ।
निमित्त प्रमुख प्रशासकीय अधिकृत निलम्बर मिश्रले जारी गर्नुभएको सूचनामा विना अनुमति सञ्चालनमा रहेका विद्यालयहरूलाई कानुन बमोजिम कारबाही गरिने उल्लेख गरिएको छ। नगर पालिकाले सम्बन्धित सबै विद्यालयहरूलाई यथाशीघ्र कानुनी प्रक्रिया पूरा गरी मात्र शैक्षिक गतिविधि सञ्चालन गर्न पुनः आग्रह गरेको छ।

पालिकाको स्थानीयलाई अनुरोध

–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन्।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।
–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।







रामगोपालपुर नगरपालिका,
महोत्तरी

# जीर्ण भवनमै नगरपालिका सञ्चालन, विकास ठप्प हुँदा मिथिलामा जनअसन्तुष्टि चुलिँदै

**खबर दर्पण समाचारदाता**
**वैशाख २२ गते, बर्दिवास**



धनुषाको मिथिला नगरपालिकामा जीर्ण प्रशासनिक भवनमै कार्यालय सञ्चालन भइरहँदा सेवा प्रवाहमा असर परेको छ भने विकास निर्माणका कामसमेत ठप्पजस्तै बनेपछि स्थानीयवासीमा असन्तुष्टि बढ्दै गएको छ।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग छेउ ढल्केबरस्थित नगरपालिकाको करिब पाँच दशक पुरानो भवन अत्यन्त जीर्ण अवस्थामा रहेको छ। प्राविधिक दृष्टिले बस्न अयोग्य मानिएको उक्त भवनको छत बेलाबेलामा झर्ने समस्या रहे पनि वैकल्पिक व्यवस्था नहुँदा कर्मचारीहरू जोखिम मोलेरै काम गर्न बाध्य छन्।साँघुरो तथा अव्यवस्थित भवनभित्रै नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतसहित विभिन्न शाखाहरू सञ्चालनमा छन्। भौतिक पूर्वाधार अभावले सेवा प्रवाहमा ढिलासुस्ती, फाइल व्यवस्थापनमा समस्या तथा कागजात सुरक्षामा चुनौती उत्पन्न भएको कर्मचारीहरूको भनाइ छ।

चालु आर्थिक वर्षमा प्रशासनिक भवन निर्माणका लागि तीन करोड रुपैयाँ तथा सशर्त अनुदानतर्फ एक करोड रुपैयाँ विनियोजन भए पनि भवन निर्माणतर्फ कुनै ठोस पहल हुन सकेको छैन। यसले नगर नेतृत्वप्रति प्रश्न उठेको छ।यसैबीच नगरप्रमुख महेन्द्र महतोमाथि भने निजी घर तथा व्यावसायिक प्रतिष्ठान भत्काउँदै हिँडेको आरोप लागेको छ। नगरपालिकाबाट निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त भवनसमेत डोजर प्रयोग गरी भत्काउन थालेपछि प्रभावित व्यवसायी अदालत पुगेका छन्। उच्च अदालतबाट जारी निषेधाज्ञाका बाबजुद भत्काउने धम्की दिएको आरोपसमेत लागेको छ।

नगरपालिकाको कुल जनसङ्ख्या ४८ हजार ६ सय ७६ रहेको छ भने चालु आर्थिक वर्षका लागि ४८ करोड ९४ लाख रुपैयाँभन्दा बढी बजेट विनियोजन गरिएको छ। आर्थिक वर्ष सकिन करिब दुई महिना मात्र बाँकी रहँदा पनि ठूला विकास आयोजना अघि बढ्न सकेका छैनन्।

उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्ने विषयमा नगरप्रमुख महतो र प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवबीच सहमति हुन नसक्दा अधिकांश ठूला योजना प्रभावित भएका छन्। १० लाख रुपैयाँसम्मका साना योजना भने आंशिक रूपमा कार्यान्वयन भइरहेका छन्।

माघ महिनामा सम्पन्न विशेष नगर अधिवेशनबाट भएका निर्णयसमेत नगरप्रमुखले सदर नगरेपछि आन्तरिक विवाद थप चुलिएको जनाइएको छ। स्थानीयवासीले तत्काल प्रशासनिक भवन निर्माण तथा विकास कार्यलाई गति दिन माग गरेका छन्।

# समाचार प्रभाव : निजि विद्यालय बिना दर्ता संचालन भएको पाईए कार्वाही

**खबर दर्पण समाचारदाता**
**वैशाख २२ गते, बर्दिवास**

बैशाख ७ गते प्रकाशित समाचार पछि औरही नगरपालिकाले विना अनुमति सञ्चालनमा रहेका निजी संस्थागत विद्यालयप्रति कडाइ गरेको छ। नगर कार्यपालिकाको मिति २०८३ साल ०१ महिना १६ गतेको निर्णयअनुसार नगरपालिकाले आज सूचना जारी गर्दै अनुमति नलिई तथा मापदण्ड विपरित सञ्चालनमा रहेका विद्यालयहरूलाई तत्काल शैक्षिक गतिविधि बन्द गर्न निर्देशन दिएको हो। नगरपालिकाले साविक जिल्ला शिक्षा कार्यालय जलेश्वर, महोत्तरी तथा नगरपालिका स्थापना पश्चात नगरपालिकाबाट अनुमति नलिई सञ्चालनमा रहेका विद्यालयहरूलाई कानुनी प्रक्रियामा ल्याउने उद्देश्यले उक्त निर्देशन जारी गरिएको जनाएको छ।विना अनुमति सञ्चालनमा रहेका विद्यालयहरूमा श्री गणेश मदर ल्याण्ड विद्यालय, औरही-५ श्रीपुर , माँ जानकी इ.बो. स्कुल, औरही-५ श्रीपुर, श्री राम जानकी एकेडेमी इ.बो. स्कुल, औरही-४, एस.एम. ग्लोरी इ.बो. स्कुल, औरही-७, सरस्वती एकेडेमी स्कुल, औरही-६, निधिनलियोन बो. स्कुल, औरही-४ तथा महोत्तरी फ्युचर स्टार , औरही-१ रहेका छन्। हाल नगर क्षेत्रभित्र सञ्चालनमा रहेका १३ वटा निजी विद्यालयमध्ये ६ वटा मात्र औपचारिक रूपमा दर्ता भएका छन्।

तीमध्ये दुई विद्यालयले कक्षा १० सम्म,तीन विद्यालयले कक्षा ८ सम्म तथा एक विद्यालयले कक्षा ५ सम्म सञ्चालनको

*बाँकी पृष्ठ ३ मा*

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

“छोरी पढे, देश बढे“
“छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा“
“छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं“
“बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं“

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :
**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
“सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।“
**मिथिला नगरपालिका, धनुषा**




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,